# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ६) शुद्धोधन, असार १३ गते, २०७९, साल संख्याः ४


## शुद्धोधन गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन, गाउँपालिकामा उपलव्ध स्रोत साधनको समुचित प्रयोग गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र २२६ बमोजिम प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी शुद्धोधन गाउँपालिकाको गाउँ सभाले "स्वास्थ्य ऐन, २०७९" बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " शुद्धोधन गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले शुद्दोधन गाउँपालिकाको "स्वास्थ्य ऐन, २०७९" लाई सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले शुद्दोधन गाउँपालिका सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले शुद्दोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले शुद्दोधन गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले शुद्दोधन गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शुद्दोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "आकस्मिक सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परि जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ।

(ज) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निः शुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ । र सो शब्दले दफा ३ उपदफा (३) बमोजिम गाउँपालिकाले थप गरेका आधारभुत स्वास्थ्य सेवालाई समेत जनाउनेछ।

(झ) “गैह सरकारी वा निजी स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैरसरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शव्दले सामुदायीक वा गुठी वा ट्रष्टमार्फत संचालित गैरनाफामुलक स्वास्थ्य संस्थालाई समेत जनाउने छ।

(ञ) "अनुगमन समिति" भन्नाले स्वास्थ्य संस्था तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको अनुगमन, मुल्यांकन, सुपरिबेक्षण तथा तथा गुणस्तर सुनिस्चित गर्न गठित दफा १५ बमोजिमको समिति सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ठ) "निरीक्षक" भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानून बमोजिमको योग्यता पुगेको दफा १७ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ।

(ड) "सरकारी स्वास्थ्य संस्था" भन्नाले शुद्दोधन गाउँपालिकाको क्षेत्रभित्र स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका स्वसाशित संगठित संस्था मातहतमा संचालित प्रतिष्ठान शिक्षण अस्पताललाई समेत जनाउनेछ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ण) "सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(त) "स्वास्थ्य समिति" भन्नाले ऐनको दफा १४ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(थ) "स्वास्थ्य शाखा" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गर्नको लागी तोकेको दफा १३ बमोजिमको शाखा सम्झनुपर्छ ।

(द) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउने छ।

(ध) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ६ अन्तर्गत बनेको व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा**ः (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) नेपाल सरकारले निर्धारण गरेका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निः शुल्क प्राप्त हुनेछ ।

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्था अनुसार अन्य स्वास्थ्य सेवा समेत तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(५) आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक**ः (१) गाउँपालिका क्षेत्रभित्र सरकारी स्वामित्वमा संचालन भएका प्रतिष्ठान, अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहले तोकेका स्वास्थ्य संस्थाबाट निः शुल्क रुपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

(३) स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिका क्षेत्रभित्र गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरू मेडिकल कलेज, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य संस्थाहरू हुनेछन् ।

(४) स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिका क्षेत्रभित्र सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मातहतका सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायकहरु हुनेछन् ।

(५) स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले निजि, सरकारी तथा गैर सरकारी, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु संग आधारभूत तथा बिशिस्टिकृत स्वास्थ्य सेवा प्रवाहको लागी आवस्यक समन्वय गर्नेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना, संचालन तथा व्यवस्थापन

५. **स्वास्थ्य संस्था स्थापना**: (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागी गाउँपालिकाले स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गरि १५ (पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । गाउँपालिकाको आवश्यकताका आधारमा संघीय तथा प्रदेश कानुनसंग नबाँझिने गरि अस्पतालको क्षमता विस्तार गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्वास्थ्य सेवालाई एकिकृत रुपमा संचालन गर्न सक्नेछ।

(७) गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नती गरी सञ्चालन गर्न सक्नेछ ।

(८) स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(९) गाउँपालिका भित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधिहरु उपलब्ध गराउनु पर्नेछ।

(१०) औषधि सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जन स्वास्थ्य ऐन २०७५ को दफा २९ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

(११) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ । जनशक्ति, भौतिक पुर्वाधार र उपकरण सम्बन्धि व्यवस्था प्रचलित नियम, कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ ।

६. <u>स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन</u>: (१) गाउँपालिकाको स्वामित्वमा संचालन भइरहेका वा स्थापना भएका अस्पतालको संचालन तथा व्यवस्थापनको लागी देहाय बमोजिमको **अस्पताल व्यवस्थापन समिति हुनेछ ।**

(क) अध्यक्ष -अध्यक्ष

(ख) उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक -सदस्य

(घ) अस्पताल रहेको वडाको अध्यक्ष -सदस्य

(ङ) कार्यपालिकाले मनोनित गरेको गाउँ सभा सदस्य मध्येबाट एक दलित महिला सदस्य सहित दुई जना — सदस्य

(च) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

स्वास्थ्य क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये समितिले तोकेको २ जना - सदस्य

(छ) महिला स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) अस्पतालको नर्सिङ्ग इन्चार्ज —सदस्य

(झ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(ट) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट- सदस्य सचिव

(२) उपदफा (१) बमोजिम को समितिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक बिकास समितिको संयोजक - सदस्य, अस्पताल नर्सिङ्ग इन्चार्ज- सदस्य, स्थानिय उद्योग ब्यापार संघको अध्यक्ष वा प्रतिनिधि,- सदस्य, स्वास्थ्य शाखा

प्रमुख - सदस्य र अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट - सदस्य सचिबको बैठकको निर्णयबाट मनोनित हुने भनिएका बाँकी सदस्यहरुको मनोनयन हुनेछ ।

(३) उपदफा (१) बाहेकका गाउँपालिकाको स्वामित्व रहेका अन्य सरकारी स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति हुनेछ;-

(क) गाउँपालिका अध्यक्ष — संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष — अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित सदस्यहरु मध्येबाट एकजना — उपाध्यक्ष

(घ) समितिले मनोनित गरेको सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्राचार्य वा प्रधानाध्यापक मध्येबाट एक जना — सदस्य

(ङ) स्थानीय उद्योग संघ, बाणीज्य संघ तथा व्यवसायीहरु मध्येवाट समितिले तोकेको एकजना — सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना — सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका वडा सचिव — सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख — सदस्य सचिव

(४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका अध्यक्ष, सम्बन्धित वडाका वडा सचिव र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नुपर्ने छ ।

(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्राचार्य वा प्रधानाध्यापक मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्राचार्य वा प्रधानाध्यापक नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्नुपर्ने छ ।

(६) उपदफा (३) बमोजिम गठन भएको समितिले देहाय बमोजिमको क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी आमन्त्रित सदस्यहरु मनोनयन गर्नुपर्नेछ,

(क) दलित वा जनजातिबाट १ जना

(ख) अपाङगता भएका, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

(ग) किशोर वा किशोरीहरुको तर्फबाट १ जना

(७) स्वास्थ्य संस्था संचालन समितिको प्रत्येक बैठकमा आमन्त्रित सदस्यहरुलाई अनिबार्य आमन्त्रण गर्नुपर्ने छ। बैठकको निर्णय प्रक्रियामा आमन्त्रित सदस्यको संख्या मान्य हुने छैन ।

७**. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**: दफा ६ बमोजिम गठन भएका व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वियन गर्ने।

(ङ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(च) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समि क्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृर्दि गर्न आवश्यक निर्णय लिने।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु तथा परिवार नियोजन, अन्य तोकिएका सामाजिक शुरक्षा सम्बन्धि कार्यक्रम, राष्ट्रिय अभियान तथा स्वास्थ्य कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

शुद्धोधन गाउँपालिका

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने। स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने। स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, गर्ने ।

(ठ) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ड) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा बृद्दि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने

(द) गाउँपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने।

(ध) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(न) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(प) दफा ६ को उपदफा (१) र (२) बमोजिम गठन भएका स्वास्थ्य व्यवस्थापन समितिको अन्य काम कर्तब्य र अधिकार तथा संचालन सम्बन्धी व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुने छ ।

शुद्धोधन गाउँपालिका

८. **पदाधिकारीहरुको पदावधि**: (१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्त भएको मितिले पाँच वर्षको हुनेछ । तर पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वतः समाप्त हुनेछ । निर्बाचन पछि हुने व्यस्थापन समितिको गठन यस ऐनको दफा ६ बमोजिम हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

९. **पदावधि रिक्त हुने**: निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग लागेको प्रमाणित भएमा ।

(घ) प्रचलित कानुन बमोजिम स्वास्थ्य संस्थाको हित विपरित हुने काम गरेको ठहर भएमा ।

१०. **कोष तथा खाता सञ्चालनः** (१) अस्पतालको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खातामार्फत हुनेछ।

(३) उपदफा (१) बमोजिम रहने कोषको संचालन प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) दफा ६ को उपदफा (२) बमोजिम गठन भएका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको छुट्टै बैंक खाता रहनेछ र खाता संचालन समितिको अद्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतवाट संचालन हुनेछ ।

(५) गाउँपालिकाको स्वामित्व भित्र रहेका स्वास्थ संस्थाहरुमा परिचालन भएको कोष वा आर्थिक क्रियाकलापहरुको लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **स्वास्थ्य संस्था संचालन इजाजतपत्र लिनुपर्ने** : (१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्ड, लुम्बिनी प्रदेश ,स्वास्थ्य संस्था स्थापना संचालन , नबिकरण तथा स्तरोन्नती सम्बन्धि ऐन २०७६, लुम्बिनी प्रदेश, स्वास्थ्य संस्था स्थापना संचालन , नबिकरण तथा स्तरोन्नती, नियमावली ,२०७७ बमोजिम र गाउँपालिकाले तोकेको प्रक्रिया पुरा गरी गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामुलक संस्थालाई स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र वा सहमति पत्र दिन सक्नेछ;

(क) अस्पताल

(ख) स्वास्थ्य क्लिनिक, निदान केन्द्र, प्रयोगशाला, रेडियो इमेजिंग तथा पोलिक्लिनिक

(ग) आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(घ) औषधी पसल, फार्मेसी सेवा

(ङ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केनद्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(च) पुनर्स्थापना केन्द्र

(छ) जेरियाट्रिक परामर्श केन्द्र

(ज) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा

(झ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था संचालन वा सेवा उपलब्ध गराउन पाउने छैन ।

(३) यो ऐन जारी हुनुअघि गाउँपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि गाउँपालिकाले तोकेको प्रकृया बमोजिम यो ऐन प्रारम्भ भएको १ बर्ष भित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न अनुसुचि १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई गाँउपालिकालाई सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा गाँउपालिकाले स्वास्थ्य संस्था तथा सेवा संचालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा संचालन इजाजतपत्र दिन सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यपालिकाले तोके बमोजिमको विवरण सहितको स्वमुल्याङ्कन प्रतिवेदन गाँउपालिकाले समक्ष पेश गर्नुपर्नेछ।

शुद्धोधन गाउँ कार्यपालिका

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम हुने छ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै निकायबाट अनुमति लिई संचालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधी दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति र इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अनुरुप कार्यपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा संचालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

(१२) अस्पतालको हकमा गाउँपालिकाले १५ सैया सम्मको अस्पताल संचालनको लागी अनुमति दिनसक्ने छ । १५ सैया सम्मको अस्पतालको लागी मनाशय पत्र, पूर्वाधार निर्माण सम्बन्धी ढाचा तथा व्यवस्था र संचालनका लागी इजाजत सम्बन्धी ढाचा तथा व्यवस्था तोकिए बमोजिम हुने छ ।

(१३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ।

(१४) स्वास्थ्य सेवा संचालनका लागि इजाजत लिई सेवा संचालन गरिरहेका स्वास्थ्य संस्थाले डेन्टल, आखा सेवा, आयुर्बेद सेवा, प्रयोग शाला सेवा, एक्स रे सेवा, फिजियो थेरापी सेवा वा अन्य कुनै स्वास्थ्य सेवा थप गर्नुपुर्व प्रचलित नियम बमोजिम इजाजत लिई संचालन गर्नुपर्ने छ ।

स्पस्टिकरणः

**इजाजत पत्र** : गाउँपालिका अन्तर्गत १५ सैया सम्मको अस्पताल संचालनका लागी निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामुलक संस्थाहरुले कार्यपालिकाले तोके बमोजिमको इजाजत पत्र लिएपछी मात्र सेवा संचालन गर्नुपर्ने छ ।

**सहमति पत्र** : गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र १५ सैया सम्मको अस्पताल बाहेक प्रचलित नियम र मापदण्ड पुरा गरि स्वास्थ्य संस्था स्थापना र संचालन गर्न आउने र नियम अनुसार गाउँपालिकाको इजाजत आवश्यक नपर्ने सेवा प्रदायक स्वास्थ्य संस्थाले समेत सेवा संचालनका लागि गाउँपालिकाको सहमति लिनुपर्ने छ।

१२. **दर्ता सिफारिस लिनुपर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई संचालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि गाउँपालिकाबाट तोकिए बमोजिम सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा गाउँ कार्यपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निः शुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद-४

## योजना, अनुगमन तथा गुणस्तर

१३. **स्वास्थ्य योजना तथा कार्यक्रम संचालन गर्नेः** (१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न नेपाल सरकारले तोकेको सांगठनिक संरचना अनुसार गाउँपालिकामा स्वास्थ्य शाखा प्रमुखको व्यवस्था गरिने छ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कार्यपालिका तोकेको स्वास्थ्य कार्यक्रम सम्बन्धि हेर्ने स्वास्थ्य शाखाले नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्य योजना अनुकुल हुनेगरी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका, अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम र स्वास्थ्य संग सम्बन्धित तोकिएका अन्य कार्यक्रम संचालन गर्ने छ ।

१४. **स्वास्थ्य समितिः** (१) गाउँपालिकाले स्वास्थ्य क्षेत्रको नीति, रणनीति, योजना निमार्ण, समन्वय तथा कार्यन्वयन गर्न निम्न बमोजिमको स्वास्थ्य समिति गठन गर्नेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) सामाजिक विकास समिति संयोजक —सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये समितिले तोकेका एक जना — सदस्य

(छ) समितिले तोकेको एक जना दलित महिला सहित दुई जना - सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले तोकेको एक जना — सदस्य

(झ) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र नर्स मध्ये गाउँपालिका समितिले तोकेको -एक जना - सदस्य

(ञ) समितिले समितिले तोकेको स्वास्थ्य क्षेत्रका विज्ञ मध्ये कम्तिमा एक महिला सहित २ जना- सदस्य

(ट) स्वास्थ्य क्षेत्रमा कार्यरत निजी वा गैह्रसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी समितिले तोकेको तोकेको एक जना — सदस्य

(ठ) स्वास्थ्य शाखा प्रमुख —सदस्य सचिव

(२) उप दफा (१) बमोजिमका समितिको संयोजक, सह संयोजक, प्रमुख प्रशासकिय अधिकृत - सदस्य, सामाजिक बिकास समितिको संयोजक - सदस्य, र स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिबको बैठकबाट समितिले तोक्ने भनिएका बाकि सदस्य तोकिनेछ ।

(३) दफा १४ बमोजिम गठन भएको समितिको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ, -

(क) गाउँपालिकामा जनस्वास्थ्य सुरक्षा, प्रवर्द्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(ग) स्वास्थ्य संस्था स्थापना र सेवा विस्तारको आवश्यकताको एकीन गरी स्वास्थ्य संरचना तथा सेवा विस्तारको लागी कार्यपालिकालाई सुझाव दिने,

(घ) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(ङ) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन दिने,

(च) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धि कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने,

(छ) गाउँपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवाको तथ्याङ्कहरु विश्लेषण गरि गाउँपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।

(ज) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(झ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने,

(ञ) कार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने,

(ट) गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय निजी तथा गैहसरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक साझेदारीका उपायहरू खोज्ने,

(ठ) जन स्वास्थ्यसंग जोडिएका अन्य क्षेत्रहरूसंग समन्वय गरी एकिकृत रुपमा जनस्वास्थ्यका योजना र कार्यक्रम तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ड) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(३) समितिले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप—समिति गठन गर्न सक्नेछ।

(४) समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नुपर्नेछ।

(५) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

१५**. अनुगमन, मुल्यांकन , सुपेरिबेक्षण तथा गुणस्तर सुनिश्चितता** (१) स्वास्थ्य संस्थाको तथा प्रदान गरिने स्वास्थ्य सेवाको अनुगमन, मुल्यांकन , सुपेरिबेक्षण तथा गुणस्तर सुनिश्चितता गर्न गाउँपालिकाले देहाय बमोजिमको अनुगमन, मुल्यांकन , सुपेरिबेक्षण तथा गुणस्तर सुनिश्चितता समिति गठन गर्नेछ।

(क) गाउँपालिका उपाध्यक्ष — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) सामाजिक विकास समिति संयोजक — सदस्य

(घ) गाउँपालिका रहेको वडाका वडा अध्यक्षः सदस्य

(ङ) गाउँ सभाका सदस्यहरू मध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सदस्य — सदस्य

(च) आधारभुत अस्पताल मे सु — सदस्य

(छ) समितिले मनोनित गरेको स्वास्थ्य विषयको विशेषज्ञ-एक जना—सदस्य

(ज) समितिले मनोनित गरेको स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि एक जना—सदस्य

(झ) समितिले मनोनित गरेको सुरक्षा निकायका प्रतिनिधि एक जना— सदस्य

(ञ) समितिले मनोनित गरेको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण हेर्ने फोकल व्यक्ति एक जना—सदस्य

(ट) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) अनुगमन समितिले दफा ११ बमोजिम संचलान अनुमति लिई गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका र गाउँपालिकाले आफैं संचालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनिवार्य अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(३) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा विज्ञ आवश्यक भएमा सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(५) अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो राय समेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(७) निरीक्षण तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा प्रकृति हेरि तत्काल संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(८) अनुगमन, मुल्यांकन, सुपेरिबेक्षण तथा गुणस्तर सुनिश्चितता सम्बन्धीका सुची, औजार (टुल), मापदण्ड, निर्देशिका तथा अन्य व्यवस्था र प्रक्रिया कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(९) समितिको बैठक तथा अन्य व्यबस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **<u>प्राविधिक उप-समिति</u>** : (१) स्वास्थ्य संस्थाको पूर्वाधार, स्थायी एवं स्तरोन्नतिको प्रयोजनको लागि अनुगमन गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन हुनेछ।

(क) अस्पतालका मे.सु. /मेडिकल अधिकृत- संयोजक

(ख) ल्याव टेक्निसियन/अधिकृत एक जना— सदस्य - सदस्य

(ग) रेडियोग्राफर/अधिकृत एक जना— सदस्य - सदस्य

(घ) पब्लिक हेल्थ नर्स/अधिकृत एक जना— सदस्य - सदस्य

(ङ) जनस्वास्थ्य अधिकृत/निरीक्षक एक जना— सदस्य - सदस्य

(च) गाउँपालिकामा कार्यरत इन्जिनियर/ सव इन्जिनियर एक जना— सदस्य - सदस्य

(छ) वातावरण तथा सामाजिक मूल्याङ्कन सम्बन्धी विज्ञ एक जना— सदस्य

(ज) आयुर्वेद वा वैकल्पिक चिकित्साका प्रतिनिधि एक जना— सदस्य

(झ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) उपनियम (१) बमोजिमका सदस्य तथा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा कार्यपालिकाले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रित गर्न सक्नेछ।

१७. **<u>जनस्वास्थ्य निरीक्षकः</u>** (१) स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम स्वास्थ्य संस्था संचालन गरे वा नगरेको र सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा निरीक्षण र अनुगमन गर्न तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न अनुगमन समितिले जनस्वास्थ निरीक्षक खटाउन सक्नेछ ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१८. **<u>सेवा शुल्क निर्धारण र पुनरावलोकन</u>** : (१) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिका भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ ।

## परिच्छेद — ५

## स्वास्थ्य जनशक्ति, पूर्वाधार र औषधी व्यवस्थापन

१९. **जनशक्तिको व्यवस्थापन** :(१) गाउँपालिका भित्रका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति

(ख) करार - करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता- छात्रवृति प्राप्त गरि अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा गाउँपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी

(घ) स्वास्थ्य अभियानकर्ता/महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

(२) कार्यपालिकाकाले प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) गाउँपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) गाउँपालिकाले गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न वा काम काजमा खटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको सरुवा गर्दा लिइने आधार तथा मापदण्ड तोके बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिम गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा काम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ।

(८) स्वास्थ्य जनशक्तिको सेवा सुविधा तथा अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

शुद्धोधन गाउँपालिका

तर स्वास्थ्य जनशक्ति व्यवस्थापन, प्रोत्साहन र उत्प्रेरणाको लागि प्रचलित सेवा सुविधाका अतिरिक्त आवश्यकता र कार्य क्षमताका आधारमा थप सेवा सुविधा उपलब्ध गराउन यस दफाले कुनै वाधा पुऱ्याउने छैन।

२०. **<u>सेवा करार गर्न सकिने</u>**ः गाउँपालिका  अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ती नभएसम्म प्रचलित कानून र मापदण्ड अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लगाउन सकिने छ ।

२१. **<u>कार्यसम्पादन करार गर्नुपर्ने</u>**ः (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नेछ।

(२) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र स्वास्थ्य संस्थाका प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(३) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मुल्याङकन गरि राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

२२. **<u>खरीद योजना बनाउनु पर्नेः</u>** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी  तथा स्वास्थ्यजन्य सामाग्रीको खरीद तथा व्यवस्थापन गर्न बार्षिक खरीद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरीद इकाईले तयार गर्नेछ।

(३) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले बहुवार्षिक खरीद योजना बनाउन सक्नेछ।

२३. **<u>औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरीदः</u>** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि स्वास्थ्य शाखाले प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडी बढाउने छ ।

२४. **<u>औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको भण्डारणः</u>** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण सम्वन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

२५. **<u>फार्मेसी संचालन गर्न सक्ने</u>**ः (१) गाँउपालिकाले गाउँवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि आफैले छुटटै फार्मेसी संचालन गर्न सक्नेछ।

(२) फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **स्वास्थ्य पुर्वाधार र मापदण्ड** : (१) गाँउपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धि भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गिकरण र प्रचलित स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम कार्यपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकुल नहुने गरी कार्यपालिकाले न्युनतम पुर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण, विस्तार तथा मर्मत सम्भार गर्न सक्नेछ।

(४) कार्यपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार र निजी संस्थासंग समेत साझेदारी गर्न सक्नेछ।

२७. **स्वास्थ्य पूर्वाधार मर्मत संभार कोषः** (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि गाउँपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि बजेट छुट्टाउन सक्नेछ ।

(२) कोषको संचालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -६

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

२८. **आकस्मिक सेवाबाट बन्देज नगरिने**ः (१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ ।

(३) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जन स्वास्थ्य नियमावली २०७७ नियम ४ उपनियम (२) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा आधारभूत अस्पतालबाट प्रदान हुनेछ ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

शुद्धोधन गाउँपालिका

२९. **<u>आपतकालिक स्वास्थ्य सेवा</u>**ः (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य संकट एवं बिपद् पूर्वतयारी, तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकीय समुह परिचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले बिपद व्यवस्थापन केन्द्र स्थापना तथा संचालन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकका अन्य स्थानीय तहसंग समेत संयुक्त रुपमा संचालन गर्न सक्नेछ ।

(७) गाउँपालिका स्तरिय विपद व्यवस्थापन कोष रहने छ । विपद व्यवस्थापन कोषको परिचालन कार्यपालिकाले तोके बमोजिम हुने छ

३०.**<u>आकस्मिक स्वास्थ्य सेवा कोषः</u>** (१) गाउँपालिकाले आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न सक्नेछ ।

(२) आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्थापन गर्न कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३१. **<u>संक्रामक रोगको व्यवस्थापन</u>**ः (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी कार्यपालिकालाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्य कर्मीको दायित्व र जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले प्रभाव क्षेत्र निक्यौंल गरी रोगको रोकथाम र न्युनिकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सुचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) रोगको रोकथाम र नियन्त्रका लागि कार्यपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि गाउँपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसंग अनुरोध र समन्वय गर्नेछ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायीत्व हुनेछ ।

३२. **जनस्वास्थ्य आपतकाल** : (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिका अध्यक्षले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अबस्थामा कार्यपालिकाले जुनसुकै वखत निजी, गैरसरकारी सहकारी, गैर नाफामुलक, सामुदायीक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, संचालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) गाउँपालिकाले महामारी र आपतकलिन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

(७) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(८) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३३. **एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) गाउँपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहान सेवा संचालन गर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहान संचालन गर्ने संघ संस्थाले संचालन अनुमतिका लागी कार्यपालिकाको सिफारिस लिनुपर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहान मापदण्ड अनुरूप भए नभएको अनुगमन दफा १५ बमोजिमको अनुगमन समितिले गर्नेछ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) एम्बुलेन्स तथा शववाहन संचालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई लागु गर्नेछ।

**परिच्छेद- ७**

**<u>सेवाग्राहीको कर्तव्य, सेवा प्रदायकको दायित्व र गुनासो व्यवस्थापन</u>**

३४. **<u>सेवाग्राहीको कर्तव्यः</u>** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

३५. **<u>सेवा प्रदायकको दायित्व</u>**ः (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(५) स्वास्थ्य संस्थामा उपचार तथा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

३६.**<u>स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने</u>**ः स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

३७. **<u>गुनासो व्यवस्थापन</u>**ः (१) कार्यपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

(२) सवै स्वास्थ्य संस्थाले सवैले देख्ने ठाउँमा उजुरी पेटीका राख्ने र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) सवै स्वास्थ्य संस्थाले तोकिए बमोजिमको नागरिक बडापत्र राखी सोही अनुसार सेवाको सुनिश्चितता गर्नुपर्नेछ।

(४) सबै स्वास्थ्य संस्थाले विरामीलाई सहज रुपमा जानकारी र सुचना प्रदान गर्न सोधपुछ कक्ष वा सहायता कक्षको व्यवस्था गर्नुपर्नेछ।

(५) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **पेशागत सुरक्षा र कार्यमैत्री वातावरण**ः स्वास्थ्य संस्थामा भय रहित रुपमा उपचार तथा सेवा प्रदान गर्न पेशागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ।

## परिच्छेद-८

## जनस्वास्थ्य प्रवर्धन, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वास्थ्य

३९. **जन स्वास्थ्य प्रवर्द्धन**ः (१) गाउँपालिकाले कुनै पनि नीति तथा योजना तर्जुमा गर्दा त्यस्ता नीति, योजना तथा कार्यक्रमले जनस्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावको समेत आंकलन गरी तर्जुमा गर्नुपर्नेछ।

(२) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन गाउँपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(३) आवास तथा पुर्वाधार निमार्ण, विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वासलाई जनस्वास्थ्यमा पार्ने असरलाई न्युनिकरण गर्न तथा नियमन गर्न गाउँपालिकाले प्रचलित कानून बमोजिम आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्य प्रवर्धनका लागि गाउँपालिका क्षेत्रमा रहेका रणनैतिक स्थानहरुमा सार्वजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्नेछ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **वातावरणीय स्वास्थ्यः** (१) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि प्रचलित मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

४१. **फोहोरमैला व्यवस्थापनः** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन ।

(२) फोहोरमैला व्यवस्थापनको लागि प्रचलित मापदण्ड अनुरुप कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(३) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी छुट्टै मापदण्ड बनाई लागु गर्नेछ।

(४) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार जनस्वास्थ्य निरीक्षकसँग हुनेछ ।

(५) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

४२. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन**ः (१) स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

(२) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि प्रचलित मापदण्ड बमोजिम कार्यपालिकाले निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(३) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

(४) फोहोरमैला व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४३. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) गाउँपालिकाले सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(३) गाउँपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन तथा प्रचार प्रसार गर्न पाइने छैन।

## परिच्छेद-९

## प्रेषण, अभिलेखिकरण र स्वास्थ्य सुचना प्रणाली

४४. **प्रेषण तथा उपचार प्रणाली**ः (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न दोहोरो प्रेषण प्रणाली लागु गर्नेछ।

(४) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

(५) प्रेषण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **<u>तथ्याङ्क संकलन र अभिलेखिकरण</u>**ः (१) कार्यपालिकाले गाउँपालिका भित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्दति विकास गर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले सेवाग्राहीको अभिलेख स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राखुपर्नेछ ।

(४) गाउँपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धि सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक हुनेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

४६**<u>. सर्वेक्षण गर्न सक्नेः</u>** कार्यपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरुपको योजना तर्जुमा गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

४७. **<u>जानकारी पाउने हक</u>**ः विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ।

## परिच्छेद -१०

## कसुर, जरिवाना र क्षतिपूर्ति

४८. **कसूर गरेको मानिने**ः कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐनअन्तर्गतको कसूर गरेको मानिनेछः—

(क) दफा ११ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ३५ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३५ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ३९ उपदफा (२) बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ३९ उपदफा (२) विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

४९.**सजाय तथा जरिवाना**ः (१) दफा ४८ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

शुद्धोधन गाउँपालिका

(२) दफा ४८ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा गाउँपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा ४८ को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई गाउँपालिकाले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

५०.**<u>क्षतिपुर्ति दिनुपर्ने</u>**: (१) गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

५१. **<u>पुनरावेदन दिन सक्ने</u>** : दफा ४९ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ (पैतिस) दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५२. **<u>सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने</u>**: प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई, स्वास्थ्यकर्मीहरूलाइ, सहयोगी निकायहरूलाइ, व्यक्तिलाइ, संस्थाहरूलाइ र प्रोत्साहित गर्न गाउँ कार्यपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद -११

## <u>विविध</u>

५३. **<u>साझेदारी र सहकार्य गर्न सक्ने</u>**: (१) गाउँपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनिकरणको लागि गाउँपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ ।

शुद्धोधन गाउँपालिका

५४. **सेवा खरिद सम्झौता गर्न सक्ने**ः गाउँपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र संचालित वा आसपासमा पायक पर्ने स्थानमा संचालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासंग सेवा खरीद सम्झौता गर्न सक्नेछ।

५५. **विद्यालय स्वास्थ्य सेवा**ः (१) गाउँपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५६. **घुम्ती शिविर सम्बन्धि व्यवस्था**ः (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्वन्धी अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानून बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

५७. **विशेषज्ञ स्वास्थ्य सेवाः** (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा गाउँपालिकाले प्रचलित मापदण्ड बमोजिम स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न गाउँपालिकाले अन्य सरकारी तथा निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा शुद्दोधन वासीको पहुँच पुर्याउन दुर चिकित्सा, स्वास्थ्य शिवीर, विद्युतिय स्वास्थ्य जस्ता प्रविधि तथा प्रकृया अबलम्बन गर्न सक्नेछ।

५८. **सामाजिक सुरक्षा र स्वास्थ्य वीमा**ः गाउँपालिकाका सवै नागरिकलाई प्रचलित कानून बमोजिम अनिवार्य स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन कार्यपालिकाले समन्वय र सहजिकरण गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(४) गाउँपालिकाले महिला, वालवालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समुहका लागि कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका विशेष कार्यक्रम निर्धारण गर्दा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

५९ . **स्वास्थ्य संस्थाको सम्पत्तिः** (१) गाउँपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ ।

(२) सार्वजनिक प्रतिष्ठान अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही प्रतिष्ठानको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

६०**. सहुलियत, छुट र सुविधाः** (१) सामुदायिक र सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा छुट सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) सरकारी, सामुदायिक र सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सामुदायिक, निजी, ट्रष्ट तथा प्रतिष्ठान वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालित अस्पतालहरुमा कुल शैयाको १० प्रतिशत शैया गरिव, विपन्न, असहाय, अपांग, सिमान्तकृत लगायतका सेवाग्रहीहरुलाई छुट्टाउन पर्नेछ। प्रचलित कानुन बमोजिम तोकिएका सेवाग्राहीलाई निः शुल्क स्वास्थ्य सेवा समेत प्रबाह गर्नुपर्ने छ /

(४) उपदफा (३) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

६१**. समन्वय र सहजिकरण गर्नेः** स्वास्थ्य सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

६२**. अधिकार प्रयोग गर्न सक्ने**ः यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

६३.**प्रचलित कानून वमोजिम हुने**ः यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६४ **अधिकार प्रत्यायोजन गर्न सक्ने**ः कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

६५**. नियम बनाउन सक्ने**ः यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

६६. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने**ः (१) यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

६७. **बचाउ** ः यस ऐन बन्नुपुर्ब गाउँपालिकाबाट भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मितिः २०७९/०३/१०

आज्ञाले<br>
झविलाल भट्टराई<br>
प्रमुख प्रशासकीय अधिकृत